# शहीद लखन गाउँपालिकाको
# वित्तीय साक्षरता रणनीति, २०८०

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।१२।१४**

## १. पृष्ठभूमिः

शहीद लखन गाउँपालिका नेपालको संविधान, २०७२ को कार्यान्वयनको क्रममा स्थानीय तहको गठन आदेश बमोजिम मिति २०७३ फाल्गुन २७ गते गठन भएको हो। गोरखा जिल्लाको दक्षिणपूर्वी भागमा रहेको यस गाउँपालिकामा साविकका बक्राङ, मनकामना, ताक्लुङ, घैरुङ, बुंकोट र नामजुङ गा.वि.स. हरु समावेश भई यस गाउँपालिकाको गठन भएको हो। यस गाउँपालिकाको क्षेत्रफल १४९.०३ वर्ग कि.मि. र २०७८ को जनगणना अनुसार जनसंख्या २३०७६ रहेको छ। जसमा १२२६९ जना महिला र १०८०७ जना पुरूष रहेका छन्। यस गाउँपालिकामा कुल ६८५६ घर परिवार रहेका छन्। यस गाउँपालिकाको सिमाना पूर्वमा भीमसेन थापा गाउँपालिका, गण्डकी गाउँपालिका र धादिङ्ग जिल्ला, पश्चिममा गोरखा नगरपालिका र तनहुँ जिल्ला, उत्तरमा भीमसेन थापा गाउँपालिका र गोरखा नगरपालिका, दक्षिणमा गण्डकी गाउँपालिका, तनहुँ जिल्ला र चितवन जिल्ला रहेका छन्। यस गाउँपालिकामा मगर, गुरुङ, नेवार, क्षेत्री, ब्राम्हण, चेपाङ र दलितहरुको मुख्य बसोबास रहेको छ भने अन्य जातिहरुमा बराम, मुस्लिम, माझी आदिको पनि बसोबास रहेको छ।

शहिद लखन गाउँपालिका बुढीगण्डकी, त्रिशुली, दरौंदी, लुदी खोला र ज्यादुल खोलाको बीचमा अवस्थित रहेको छ। यस बाहेक ज्यादुल खोला, बही खोला, जुग्दी खोला, राङ्दी खोला यस गाउँपालिकाका मुख्य नदीहरु हुन्। यिनै नदीहरुमध्ये ज्यादुल खोला किनारमा ज्यादुल फाँट, बराह फाँट, माझिटार, लुदी फाँट, करनटार, जुग्दीफाँट, कल्लेरी फाँट, गह्रौथली फाँट, सिलिङ्गटार, ठेउवाटार आदि जस्ता उर्बर भूमि रहेका छन्। यहाँका प्रसिद्ध धार्मिक तथा सांस्कृतिक तीर्थस्थलहरुमा मनकामना मन्दिर, त्रिवेणी मन्दिर, बक्रेश्वरी मन्दिर, सिद्ध लखन गुफा, हिमालामाई मन्दिर, अर्लाङ्दी माईको मन्दिर, भीमविरेश्वर महादेव, कोटकाली, थानीथान, सन्तानेश्वर महादेवको मन्दिर, वर्चुली थान, बालेश्वरी मन्दिर मकैपुर श्री बौद्धनाथ गुम्बा आदि रहेका छन्। नेपालकै प्रथम शहीद लखन थापा मगर र जयसिंह चुमी मगरको रगतले सिंचित बुंकोटको काहुले भंगार अर्को ऐतिहासिक पर्यटकीय गन्तव्यस्थल हो।

समग्रमा विश्लेषण गर्दा आर्थिक क्रियाकलापहरु दिनानुदिन बढ्दै गएको परिप्रेक्ष्यमा यस गाउँपालिकामा वित्तीय कारोबार पनि बढ्दै जानु स्वभाविक देखिन्छ। वित्तीय सेवा प्रवाहका लागि हाल यस गाउँपालिकामा ३ वटा बाणिज्य बैंक, ६ वटा गाउँपालिका भित्र कार्यालय भएका र अन्यत्र कार्यालय भई सेवा प्रदान गर्ने ९ वटा गरी जम्मा १५ वटा लघुवित्त संस्था र ३४ वटा सहकारी संस्थाले वित्तीय कारोवार गरिरहेका छन्। साथै ५ वटा गैरसरकारी संस्थाहरुले पनि यस गाउँपालिकामा कार्य गर्दै आइरहेका छन्। गाउँपालिकाभित्रको आर्थिक कारोबारलाई व्यवस्थित गर्न, अनौपचारिक रुपमा भइरहेका आर्थिक तथा वित्तीय कारोबारलाई बैंक तथा वित्तीय संस्था अन्तर्गत ल्याउन, नागरिकलाई अनावश्यक झन्झट र ठगीबाट मुक्त गरी सरल र सहज वित्तीय सेवा पुर्याउँदै "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय सोँच पूरा गर्न यो रणनीतिले महत्वपूर्ण योगदान दिने अपेक्षा गरिएको छ। तसर्थ, सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत डिप्रोक्स नेपाल र एकिकरण नेपालको प्राविधिक सहयोगमा गाउँपालिकाले यो वित्तीय साक्षरता रणनीति तर्जुमा गरेको छ।

## २. वित्तीय साक्षरताको बुझाइ

वित्तीय साक्षरता आम्दानी, खर्च, वित्तीय योजना, बजेट, बचत, कर्जा, लघु व्यवसाय, लगानी आदिको राम्रो व्यवस्थापन गर्न आवश्यक पर्ने ज्ञान, सीप र व्यवहार सिकाउने शिक्षा हो। वित्तीय साक्षरताबाट असल वित्तीय व्यवहार गर्न, व्यवसाय छनोट तथा सञ्चालन गर्न र आफ्नो आर्थिक समृद्धिका लागि वित्तीय लक्ष्य निर्धारण गर्ने ज्ञान र सीप पाइन्छ। ECI अफ्रिकाले 'Financial Literacy Scoping Study and Strategy Project' को प्रतिवेदनमा वित्तीय साक्षरतालाई पैसाको प्रयोग र व्यवस्थापन सम्बन्धमा सुसूचित हुने र प्रभावकारी निर्णय लिने क्षमता प्रदान गर्ने बलियो माध्यमको रुपमा परिभाषित गरेको छ। कोहेन एम् र स्टाक केका अनुसार "वित्तीय साक्षरता समुदाय र वित्तीय संस्था दुवैका लागि फाइदाजनक छ। वित्तीय साक्षरताले पैसाको उचित व्यवस्थापनको लागि आवश्यक पर्ने ज्ञान, सीप र व्यवहारको बारेमा सिकाउँदछ।"

वित्तीय साक्षरता औपचारिक र अनौपचारिक दुवै हुन सक्दछ। यसले व्यक्तिलाई विविध वित्तीय सेवाहरूको उपलब्धता र ती सेवाहरूको कसरी उचित प्रयोग गर्ने भन्ने जानकारी दिन्छ र उपयुक्त वित्तीय सेवाहरू छनोट गर्न सक्ने ज्ञान र सीप प्रदान गर्दछ। यसले वित्तीय अवधारणा बुझ्न सक्ने र दैनिक जीवनका लागि उपयुक्त वित्तीय सेवा छनोट गर्न सक्ने क्षमता बढाउँदछ। आफ्नो आर्थिक समृद्धिका लागि प्रभाव पार्न सक्ने उपयुक्त व्यवसाय छनोट गर्न सक्ने खुबी अनुसार वित्तीय साक्षरताको स्तर निर्धारण गर्न सकिन्छ। समुदायको शैक्षिक स्तर, उमेर समूह र


विविध वित्तीय सेवाको उपलब्धताको आधारमा एक अर्को समुदायमा दिनुपर्ने वित्तीय ज्ञानका विषयहरू फरक हुन सक्दछन्। त्यसैले निश्चित समुदाय वा व्यक्तिको आवश्यकताको आधारमा वित्तीय साक्षरता कार्यक्रम तयार गरी सञ्चालन गर्न आवश्यक छ।

सामान्यतया वित्तीय स्रोत साधनलाई आफ्नो भलाइको लागि प्रभावकारी रूपमा प्रयोग गर्ने क्रममा हासिल गर्ने ज्ञान तथा सीपको रूपमा वित्तीय साक्षरतालाई परिभाषित गरेको पाइन्छ। यसले वित्तीय सेवा उपलब्ध गराउनेहरूलाई समेत उनीहरूको सेवा वा उत्पादनहरूको बारेमा राम्ररी बुझ्न, उक्त उत्पादनसँग जोडिएको जोखिमको घनत्व एवम् गहिराइको पहिचान गर्न र त्यसलाई व्यवस्थापन गर्न तथा उनीहरूका ग्राहक (उपभोक्ता) को वास्तविक आवश्यकतालाई पहिचान गरी आफ्ना उत्पादनहरूलाई परिमार्जन गर्न सहयोग पुऱ्याउँछ। वित्तीय साक्षरताले समग्र वित्तीय प्रणालीमा विश्वास अभिवृद्धि गर्दछ र सहभागिता वृद्धि गर्न पनि मद्दत गर्दछ।

"वित्तीय ज्ञान, क्षमता, सीप र संस्कृति भएको व्यक्ति नै वित्तीय रुपमा सक्षम व्यक्ति हो जसले व्यक्तिगत वित्त र परिस्थिति अनुसार सही कार्यहरु गर्न उनीहरुलाई सुसूचित गराउने र जिम्मेवार निर्णय गर्न सक्ने अवसर प्रदान गर्दछ ।"

## ३. वित्तीय साक्षरताको अवधारणात्मक संरचना

वित्तीय साक्षरताको अवधारणात्मक संरचनाले विभिन्न लक्षित वर्गहरुलाई वित्तीय ज्ञान प्रदान गरी सीपहरु र मनोवृत्तिको प्रदर्शन गरी वित्तीय परिणामका लागि व्यवहारमा परिवर्तन गर्ने प्रयास गरेको छ। यसले लक्षित वर्गहरुको मागको पक्षमा प्राथमिकताहरुलाई राम्रोसँग बुझ्न मद्दत गर्ने छ जसले बजारलाई उत्तरदायी बनाउन, उत्पादन प्रवर्द्धन गर्न, वहिष्करण तथा वञ्चितीकरणमा परेकाहरुलाई समेत समावेश गरी वित्तीय प्रभावकारिता र नाफामा बृद्धि गर्न मद्दत गर्ने छ। नेपाल राष्ट्र बैंकको वित्तीय साक्षरता फ्रेमवर्क अनुसार अवधारणात्मक संरचनालाई तल चित्रण गरिएको छ :



वित्तीय साक्षरता: आम्दानी, खर्च, बजेट, बचत, ऋण र लगानीको लागि पैसाको सही तरिकाले व्यवस्थापन गर्ने अभ्यासहरु अपनाउन आवश्यक ज्ञान, सीप र धारणामा सकारात्मक विकास गर्ने शिक्षा हो। यसले गरिबहरुको आर्थिक सुरक्षामा सुधार गर्न, वित्तीय सेवाहरुलाई अझ प्रभावकारी रुपमा प्रयोग गर्न, सूचना र स्रोतहरु प्रयोग गर्ने क्षमता विकास गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

वित्तीय क्षमता: वित्तीय क्षमता ज्ञान, सीप, धारणा र व्यवहारको संयोजन हो जसले व्यक्तिलाई तर्कसङ्गत रुपमा सुसूचित गरी प्रभावकारी वित्तीय निर्णयहरु लिन सहयोग गर्दछ।

## ४. वित्तीय क्षमताका आधारहरु:

ज्ञान: विभिन्न माध्यमबाट प्राप्त जानकारीको भण्डारण, जस्तै: शिक्षा, प्रशिक्षण र व्यक्तिगत अनुभव।

सीप: प्राप्त ज्ञानलाई लागु गर्ने क्षमता।

धारणा: ज्ञान प्रयोग गर्न समय र स्रोतहरु खर्च गर्ने इच्छुकता र तत्परता।

व्यवहार: व्यक्तिको दैनिक जीवनमा ज्ञान, सीप र धारणाको प्रयोग।

वित्तीय समावेशीकरण: वित्तीय समावेशीकरण भनेको औपचारिक वित्तीय सेवा प्रदायकहरुद्वारा उचित मूल्यमा वित्तीय सेवाबाट वञ्चित वा अर्धवञ्चित समुदायका व्यक्तिहरुको आवश्यकता पूरा गर्न उपयुक्त वित्तीय बस्तु तथा सेवाहरुको प्रावधान हो। वित्तीय रुपमा समावेश भएको व्यक्ति आर्थिक रुपमा सशक्त नहुन सक्दछ। त्यसैले वित्तीय साक्षरताले सूचनाको आदान-प्रदान, वित्तीय सेवाको प्रयोगमा सुधार, तत्परता, आत्मविश्वासमा बृद्धि गरी वित्तीय पहुँच, उपयोग र सशक्तिकरणमा महत्वपूर्ण भूमिका खेल्दछ।

## ५. वर्तमान अवस्था

आर्थिक सर्वेक्षण २०२२-०२३ अनुसार कुल जनसंख्याको १५.१% नेपालीहरू गरिबीको रेखामुनि रहेका छन्। नेपालको मानव विकास सूचांङ्क अवस्था पनि संसारकै सबभन्दा कमजोर श्रेणीमा रहेको छ। संयुक्त राष्ट्र संघको सन् २०२१ को मानव विकास प्रतिवेदनले विश्वका १९१ देशमध्ये नेपाललाई गरिबीका हिसावले १४३ औं स्थानमा राखेको छ।

नेपाल राष्ट्र बैंकले डिसेम्बर २०२२ मा गरेको वित्तीय साक्षरता आधार सर्वेक्षणको नतिजा अनुसार ५७.९ प्रतिशत नेपालीहरु वित्तीय रुपमा साक्षर रहेको पाइएको छ। वित्तीय साक्षरताको

तीन आयामको रुपमा रहेको वित्तीय ज्ञान ४७.३ प्रतिशत, वित्तीय व्यवहार ६३.५ प्रतिशत र वित्तीय मनोवृत्ति ६४.१ प्रतिशत रहेको पाइएको छ। वयस्क जनसंख्याको २७.५ प्रतिशतले मात्र वित्तीय साक्षरताका तिनै आयामहरूमा न्यूनतम अङ्क प्राप्त गरेका छन्। वित्तीय ज्ञानमा ३६.५ प्रतिशत वयस्क जनसंख्या, वित्तीय व्यवहारमा ५६.६ प्रतिशत र वित्तीय मनोवृत्तिमा ९५.४ प्रतिशत वयस्क मानिसहरुले न्यूनतम अङ्क प्राप्त गरेका छन्। पुरुषको वित्तीय साक्षरता अङ्क ६१.८ प्रतिशत पाइएको छ जुन महिलाको तुलनामा ७.५ प्रतिशतले बढी हो। पुरुषको वित्तीय ज्ञानमा अङ्क ५६.५ प्रतिशत रहेको छ जुन महिलाको तुलनामा १७.९ प्रतिशतले बढी हो। वित्तीय ज्ञानमा लैङ्गिक भिन्नता सबै प्रदेशमा पाइएको छ। वित्तीय समावेशिताको स्थिति आकलन गर्दा वयस्क जनसंख्याको वित्तीय प्रयोगका सूचकहरूमा ७३.७८ प्रतिशतले भुक्तानी उपकरण, ८६.६४ प्रतिशतले बचत, लगानी वा अवकाश उपकरण, ३०.०२ प्रतिशतले बीमा सेवा र ४६.३४ प्रतिशतले ऋण उपकरण प्रयोग गरेको पाइएको छ। बचत उपकरणहरूमध्ये ७१.०६ प्रतिशत वयस्क जनसंख्याले बचत खाताको प्रयोग गरेको पाइएको छ भने लगानी कोष सबैभन्दा कम प्रतिशत जनसंख्याले प्रयोग गरेका छन्। वयस्क जनसंख्याको ८.४६ प्रतिशतले निर्जीवन बीमा उपकरणहरू प्रयोग गरेका छन् भने २६.७८ प्रतिशतले जीवन बीमा उपकरणहरू प्रयोग गरेका छन्। लगभग दुई तिहाइ वयस्क जनसंख्या कम्तिमा ५ किसिमका वित्तीय उपकरण बारे सचेत छन्। अझै पनि ७१.८३ प्रतिशत वयस्क जनसंख्या आफ्नो आर्थिक आवश्यकता पूरा गर्न परिवार तथा साथीभाइको बचत वा ऋणमा निर्भर रहेका छन्।

सर्वेक्षणमा ४६.३४ प्रतिशत वयस्क जनसंख्याले कर्जा प्रयोग गरेका छन् भने जम्मा १७.६० प्रतिशतले मात्र बैंक कर्जा उपयोग गरेका छन्। कृषि र निर्माण क्षेत्रका कामदारको सबैभन्दा कम हिस्साले बैंक कर्जा प्रयोग गरेका छन् भने होटल र रेष्टुरेन्टका कामदारको बढी हिस्साले सामूहिक बचत ऋणको प्रयोग गरेका छन्। राष्ट्रिय स्तरमा वयस्क जनसंख्याको २.३५ प्रतिशतले मात्र सरकारी सहुलियतपूर्ण कर्जाको प्रयोग गरेका छन्।

शहीद लखन गाउंपालिकाको वित्तीय साक्षरताको स्थितिको अध्ययन नभएको भएता पनि यसको अवस्था राष्ट्रिय वित्तीय साक्षरताको हाराहारीमा रहेको अनुमान गर्न सकिन्छ।

### ६. हालसम्मको प्रयास

१५ औं पञ्चबर्षीय योजनाको ४.४ को मौद्रिक तथा वित्तीय क्षेत्र अन्तर्गतको रणनीति नं. ३ मा वित्तीय साक्षरता अभिवृद्धि र वित्तीय प्रविधिको प्रयोग मार्फत दुर्गम तथा पिछडिएका क्षेत्रसम्म वित्तीय पहुँच विस्तार गर्ने विषय समावेश गरिएको र सो रणनीति कार्यान्वयनका लागि स्थानीय तह, बैंङ्क तथा वित्तीय संस्था एवम् सहकारी संस्था र सामुदायिक संस्थाको सहकार्यमा वित्तीय साक्षरता अभिवृद्धि, वित्तीय सेवाको पहुँच विस्तार, सूचना प्रविधिको अधिकतम उपयोग, स्थानीय

तहमा उपयुक्त वित्तीय उपकरणहरूको विकास तथा विस्तार, दुर्गम तथा पिछडिएको क्षेत्रमा वित्तीय पहुँच विस्तार गर्न लघुवित्त वित्तीय संस्थालाई सामाजिक बैंकिङ्ग अवधारणामा वित्तीय सेवा प्रवाह गर्न प्रोत्साहित गरिने कार्यनीति प्रस्ताव गरिएको छ।

यस गाउँपालिकाको आवधिक योजना २०७८—०७९ देखि २०८२—८३ सम्ममा नतिजा प्राप्तिको लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजनामा आर्थिक बिकास २.७ बाट ४.९ मा पुऱ्याउने लक्ष्य राखिएको छ। त्यसै गरी निरपेक्ष गरिबीलाई ३०.५ बाट ५ प्रतिशतमा झार्ने लक्ष्य राखिएको छ। हाल गाउँपालिकामा ५१ प्रतिशत व्यक्तिको मात्र बैंक खाता रहेकोमा २०८२-८३ मा ९५ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा थ मा वैदेशिक रोजगारीमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालिम सञ्चालन गर्ने विषय उल्लेख गरिएको छ। यसैको आधारमा गाउँपालिकाले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम मार्फत वैदेशिक रोजगारमा रहेका विप्रेषण प्राप्त गरिरहेका परिवारका सदस्यहरुका लागि वित्तीय साक्षरता कार्यक्रम कार्यान्वयन गरिरहेको छ। स्थानीय सरकारहरुले आफूलाई आवश्यक पर्ने नीति बनाउन सक्ने प्रावधान रहेको छ।यसै अनुरुप यो रणनीतिको तर्जुमा गर्न लागिएको हो।

## ७. वित्तीय साक्षरता रणनीतिको आवश्यकता

आर्थिक तथा सामाजिक विकासका लागि क्षमता सुहाउँदो र पहुँच पुग्न सक्ने खालका वित्तीय सेवाहरू विस्तार गर्न वित्तीय साक्षरता रणनीतिको अग्रणी भूमिका रहन्छ। यसको कार्यान्वयनबाट नागरिकहरुको वित्तीय कारोवारमा सहजता ल्याउन, वित्तीय कारोबार, बैंक तथा वित्तीय संस्था, सरोकारवाला संघसंस्था तथा नागरिकहरुको बुझाइमा एकरुपता ल्याउन, बैंक तथा वित्तीय संस्था बाहिर रहेका वित्तीय कारोबारलाई बैंक तथा वित्तीय संस्थाको दायराभित्र ल्याउन, बैंकिङ तथा वित्तीय क्षेत्रमा हुने ठगी नियन्त्रण गर्न, वैदेशिक रोजगारी मार्फत प्राप्त हुने विप्रेषणलाई बैंकिङ प्रणालीमा ल्याउन, विपन्न वर्गहरुको वित्तीय सेवाहरूमा पहुँच बृद्धि गरी लघु व्यवसाय सिर्जना गर्न, आम्दानी र रोजगारीका अवसरहरू बढाउन, दिगो विकास लक्ष्यहरु क्रमशः १. गरिबी न्यूनीकरणमा सहयोग ३. स्वस्थ परिवार ४. गुणस्तरीय शिक्षा, ५. लैङ्गिक समानता ८. मर्यादित काम र आर्थिक वृद्धि १०. असमानता न्यूनीकरण १२. उत्तरदायी उत्पादन र उपभोग १६. शान्तिपूर्ण, न्यायमा पँहुच तथा जवाफदेही संघसंस्था स्थापना र १७. लक्ष्य प्राप्तिका लागि सहकार्य र साझेदारी हासिल गर्न समेत योगदान पुऱ्याउने हुँदा यसको आवश्यकता अपरिहार्य देखिन्छ।

## ८. अवसर, समस्या तथा चुनौतीको विश्लेषण

यस गाउँपालिकाको वित्तीय साक्षरताका दृष्टिकोणबाट अवसर, समस्या तथा चुनौतीको विश्लेषण गर्दा अवस्था यसप्रकार रहेको पाइयो।

### ८.१ अवसर

१. गाउँपालिकाको आवधिक योजना (२०७८—०७९ देखि २०८२—०८३) मा वित्तीय साक्षरता, बैंक, वित्तीय संस्था र सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि, विप्रेषणबाट प्राप्त पुँजी परिचालन आदि कार्यक्रमहरु समावेश भएको।

२. ३ वटा वाणिज्य बैंक तथा ६ वटा लघुवित्त वित्तीय संस्थाको पहुँच विन्दु भएको र अन्यत्र कार्यालय भई सेवा प्रवाह गर्ने ९ वटा लघुवित्त वित्तीय संस्था रहेका छन्।

३. विभिन्न प्रकृतिका ५४ वटा सहकारी संस्थाहरु विद्यमान रहेका मध्ये जम्मा ३५ वटा मात्र सक्रिय रहेका छन्।

४. विभिन्न गैसस, उद्योग वाणिज्य संघ तथा अन्य सहकार्य गर्न सकिने संस्थाहरु अवस्थित रहेको।

५. वित्तीय साक्षरताको सम्बन्धमा संघीय सरकार, प्रदेश सरकार, समेतको चासोको विषय रहेको।

६. वैदेशिक रोजगारीमा जानेको संख्या बढ्दै गएको।

७. आर्थिक तथा वित्तीय कारोबार बढ्दै गएको।

८. सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणालीमा आबद्ध भएको ।

९. स्थानीय सरकार सञ्चालन ऐनमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्न सकिने व्यवस्था रहेको।

१०. विद्युतीय बैंकिङ कारोबार बढ्दै गएको।

११. विभिन्न संघ संस्था र आम नागरिकको चासोको विषय रहेको।

१२. सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालन भइरहेको।

### ८.२ समस्या तथा चुनौती

क. समस्या

१. गाउँपालिकाबाट सञ्चालन हुने सबै तालिम तथा चेतनामूलक कार्यक्रमहरुमा वित्तीय साक्षरता समावेश गर्न नसकिएको।

२. गाउँपालिका क्षेत्रभित्र वित्तीय साक्षरता कार्यक्रम समन्वयात्मक तरिकाबाट सञ्चालन गर्न नसकिएको।

३. वैदेशिक रोजगारीमा संलग्न सीमित परिवारका सदस्य भन्दा बाहेक अन्य व्यक्ति, समुदाय तथा वर्गका लागि वित्तीय साक्षरता कार्यक्रम थोरै मात्र सञ्चालन भएको।

४. गाउँपालिका क्षेत्रभित्र रहेका बैङ्क तथा वित्तीय संस्थाहरु र सहकारीहरुले सञ्चालन गरेका वित्तीय साक्षरता सम्बन्धी कार्यक्रममा यथेष्ट रुपमा समन्वय हुन नसकेको।

५. शिक्षण संस्था, होटल व्यवसायी, होमस्टे, स्वास्थ्य संस्थाहरु लगायत अन्य निजी क्षेत्रलाई वित्तीय साक्षरताको बारेमा सचेतना अभिवृद्धि गराउन नसकिएको।

ख. चुनौती

१. अनौपचारिक क्षेत्रबाट हुने आर्थिक तथा वित्तीय कारोवारलाई बैंकिङ प्रणालीभित्र ल्याउनु।

१. दक्ष मानवीय स्रोतको व्यवस्थापन गर्नु।

२. वित्तीय साक्षरतालाई सबै नागरिकसम्म पुऱ्याउनु।

३. वित्तीय ठगी नियन्त्रण गर्नु।

४. गैर सरकारी संस्थाहरु र बैंक तथा वित्तीय संस्थाहरुसँग नियमित रुपमा समन्वय र सहकार्य गर्नु।

५. सहकारी संस्थाहरुको प्रभावकारी अनुगमन र नियमन गर्नु।

६. विद्युतीय आर्थिक तथा वित्तीय कारोबारका बारेमा आम नागरिकमा सचेतना अभिवृद्धि गर्नु।

९. **सोचः**

"सुखी र समुन्नत गाउँपालिकाः वित्तीय साक्षरता सहितको जीविका"

**१०. लक्ष्यः**

"गाउँपालिकावासीहरुको वित्तीय ज्ञान, सीप, क्षमता र व्यवहारको विकास गर्ने"

**११. उद्देश्यः**

स्थानीय विद्यालयको पाठ्यक्रममा वित्तीय साक्षरता समावेश गर्नु ।

१) समुदाय स्तरमा वितीय साक्षरता अभिवृद्धि गर्नु।

२) अनौपचारिक क्षेत्रमा हुने आर्थिक कारोबारलाई बैंक तथा वित्तीय क्षेत्रको दायरामा ल्याउनु।

३) वित्तीय साक्षरताको माध्यमबाट वित्तीय ज्ञान, सीप, अवधारणा र व्यवहारमा परिवर्तन ल्याउनु।

## १२. अपेक्षित उपलब्धिहरुः

१) विद्यालय तहका बालबालिकाहरु वित्तीय रुपमा साक्षर भई उनीहरुको वित्तीय व्यवहारमा परिवर्तन आउने।

२) वित्तीय रुपमा अनुशासित भई कर्जाको सही सदुपयोग हुने।

३) आम्दानीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गरेको हुने।

४) फजुल खर्च कटौती भई उत्पादनमूलक क्षेत्रमा लगानी भएको हुने।

५) आर्थिक रुपमा मितव्ययी भई सामाजिक, सांस्कृतिक चाडपर्व, परम्परा तथा रीतिरिवाजहरु मनाइने।

६) सबै कारोबारहरु औपचारिक माध्यमबाट भई सम्भावित वित्तीय ठगी र अत्यधिक कर्जाको बोझबाट जोगिने।

७) व्यवसायिक योजना तर्जुमा र कार्यान्वयन भई व्यवसाय विस्तार हुने।

## १३. पद्धतिः

१ बैंक तथा वित्तीय संस्थाहरुसँग सहकार्य गर्ने,

२ विभिन्न गैह्र सरकारी संघ संस्थाहरुसँग साझेदारी गर्ने,

३ टोल विकास संस्था, महिला समूह, कृषक समूह, निगरानी समूह, नागरिक सचेतना केन्द्र, युवा क्लब लगायतका समुदायमा आधारित संस्थाहरुसँग सहकार्य तथा साझेदारी गर्ने,

४ प्रभावकारी रुपमा सेवा विस्तार गरी वित्तीय पहुँचमा विस्तार गर्ने,

५ वित्तीय व्यवहारमा परिवर्तन गर्ने

## १४. प्रमुख क्षेत्रहरुः

१ विद्यालय शिक्षामा वित्तीय साक्षरता

२ उद्यमशीलता विकासमा वित्तीय साक्षरता

३ वित्तीय सेवामा पहुँच र उपयोग,

४ विद्युतीय वित्तीय सेवाको प्रवर्द्धन,

५ समुदायमा आधारित संघ संस्था तथा समूहहरुलाई वित्तीय साक्षरता

## १५. रणनीतिः

१ विद्यालय शिक्षामा वित्तीय साक्षरता समावेश गर्ने (कक्षा ५-८),

२ समुदाय स्तरमा वित्तीय साक्षरता शिक्षा प्रदान गर्ने,

३ वित्तीय सेवाहरुमा पहुँच विस्तार गर्ने

४ समुदायमा घुम्ती वित्तीय साक्षरता तालिम सञ्चालन गर्ने

५ विद्युतीय कारोबारलाई प्रबर्द्धन गर्न बित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने,

६ पालिकाबाट संचालन हुने सीपमूलक तालिमहरुमा वित्तीय साक्षरतालाई समेट्ने,

७ वित्तिय साक्षरता क्रियाकलापहरुका उपलब्धीको अनुगमन तथा मूल्याङ्कन।

## १६. रणनीति र कार्यनीति

| | |
|---|---|
| १. विद्यालय शिक्षामा वित्तीय साक्षरता समावेश गर्ने | १. शिक्षा शाखा र गाउँ शिक्षा समितिसँगको समन्वयमा स्थानीय पाठ्यक्रममा वित्तीय साक्षरता सम्बन्धी विषय समावेश गर्न पाठ्यक्रममा आवश्यक परिमार्जन गरिने छ।<br>२. स्थानीय विषयको पाठ्यपुस्तक निर्माण गर्दा वित्तीय साक्षरता सम्बन्धी पाठ राखिने छ।<br>३. स्थानीय विषयको शिक्षण निर्देशिका निर्माण गरी स्थानीय विषय अध्यापन गर्ने शिक्षकहरुलाई सो सम्बन्धी तालिम प्रदान गरिने छ। |
| २. समुदाय स्तरमा वित्तीय साक्षरता शिक्षा प्रदान गर्ने | १. लक्षित वर्ग पहिचान गरिने छ।<br>२. समुदाय स्तरको वित्तीय साक्षरता शिक्षाको लागि पाठ्यक्रम निर्माण गरिने छ।<br>३. विभिन्न गैह्र सरकारी संघ संस्था र बैंक तथा वित्तीय संस्थाहरुसँगको साझेदारीमा वित्तीय साक्षरता कक्षा सञ्चालन गरिने छ।<br>४. प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरी स्थानीय स्तरमा नै सहजकर्ता तयार गरिने छ।<br>५. कृषक समूह, कृषि तथा पशुपंछी फर्म संचालक लगायतका व्यवसायिक समूहहरुलाई वित्तीय साक्षरता तालिम अनिवार्य गरिने छ। |
| ३. वित्तीय सेवाहरुमा पहुँच विस्तार गर्ने | १. एक घर बैंक खाता कार्यक्रम सञ्चालन गरिने छ।<br>२. गाउँपालिकाबाट हुने सबै प्रकारमा भुक्तानी बैंक खाताबाट मात्र हुने प्रणालीको विकास गरिने छ। |

| | |
|---|---|
| | ३. बैंक तथा वित्तीय संस्थाहरुको पहुँच नागरिकहरुसम्म विस्तारका लागि सम्बन्धित संस्थाहरुसँग समन्वय गरिने छ।<br>४. वित्तीय सेवा प्रदान गर्ने सहकारीहरुसँगको समन्वयमा वित्तीय साक्षरता कक्षा सञ्चालन गर्ने तथा अनौपचारिक रुपमा हुने कारोबारहरुलाई सहकारी तथा बैंक मार्फत गर्न प्रोत्साहन गरिनेछ। उत्पादनमा अधारित अनुदानलाई कार्यक्रमले समेट्ने छ। |
| ४. समुदायमा घुम्ती वित्तीय साक्षरता तालिम संचालन गर्ने | १. सम्भावित स्थानहरु पहिचान गरिने छ।<br>२. वित्तीय साक्षरता सम्बन्धी पाठ्य तथा श्रव्य दृश्य सामग्री र विभिन्न पर्चा पम्प्लेटहरुको निर्माण तथा विकास गरिने छ।<br>३. विभिन्न माध्यमबाट वित्तीय साक्षरता सम्बन्धी सामग्रीहरुको प्रचार प्रसार गरिने छ।<br>४. समाजका प्रबुद्ध वर्ग (सामाजिक व्यक्तित्वहरु, शिक्षकहरु) लाई श्रोत व्यक्तिको रुपमा प्रयोग गरिने छ। |
| ५ विद्युतीय कारोबारलाई प्रबर्द्धन गर्न बित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने | १. बैंक तथा वित्तीय संस्थहरुसँग समन्वय गरिने छ।<br>२. प्रथमिकताका आधारमा क्षेत्रगत रुपमा सेवा विस्तार गरिने छ।<br>३. वित्तीय सेवाको पहुँच बाहिर रहेका समुदायका लागि विद्युतीय सेवाको पूर्वाधार तयार गरी वित्तीय विद्युतीय सेवालाई विस्तार गरिने छ।<br>४. विद्युतीय कारोबारको जोखिमलाई न्यूनीकरण गर्न विद्युतीय कारोबार सम्बन्धी जनचेतनामूलक कार्यक्रम गरिने छ। |

| | |
|---|---|
| | ५. विद्युतीय कारोबार गर्दा हुने फाइदा सम्बन्धी प्रचार प्रसार गरिने छ।<br>६. विद्युतीय कारोबारलाई प्रोत्साहन गर्न निजी क्षेत्रहरुसँग समन्वय गरिने छ । |
| ६ पालिकाबाट सञ्चालन हुने सीपमूलक तालिमहरुमा वित्तीय साक्षरतालाई समेट्ने, | विभिन्न शाखा तथा उपशाखाहरुबाट हुने कार्यक्रममा वित्तीय साक्षरतालाई समावेश गरिने छः<br>• **मेड्पाः**<br>सीप तालिम र वित्तीय साक्षरतालाई अनिवार्य गरिने छ।<br>कृषि विकास तथा पशु सेवा शाखाः<br>कृषक समूह, फर्म सञ्चालकलाई वित्तीय साक्षरता तालिम दिइने र विभिन्न अनुदान दिनु भन्दा अगाडि वित्तीय साक्षरता तालिम दिने<br>• **स्वास्थ्य शाखा**<br>सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका, सुत्केरी तथा गर्भवती महिलाहरु र<br>कुपोषित बालबालिकाका अभिभावकहरुलाई वित्तीय साक्षरता तालिम दिइने छ।<br>• **शिक्षा शाखाः**<br>शिक्षकहरु तथा<br>युवा क्लबहरुलाई वित्तीय साक्षरता प्रदान गरिने छ।<br>• **योजना तथा तथ्याङ्क शाखाः**<br>उपभोक्ता समितिहरुलाई अभिमुखीकरण तालिम सञ्चालन गर्दा वित्तीय साक्षरता तालिम राखिने छ।<br>• **सामाजिक विकास शाखा**<br>महिला समूह, निगरानी समूह, टोल विकास संस्था, अपाङ्गता भएका व्यक्तिहरु, बाल क्लब, |

| | |
|---|---|
| | ना.स.के., मेलमिलापकर्ताहरुलाई वित्तीय साक्षरता प्रदान गरिने छ।<br>• **सहकारी तथा पर्यटन शाखाः**<br>सहकारीका सञ्चालक तथा सदस्यहरु, होमस्टे सञ्चालकहरु तथा अन्य पर्यटन व्यवसायीहरुलाई<br><br>वित्तीय साक्षरता तथा विद्युतीय कारोबार सम्बन्धी तालिम दिइने छ।<br>• **श्रम तथा रोजगार शाखाः**<br>श्रमिक तथा रोजगारदातालाई वित्तीय साक्षरता तालिम सञ्चालन गरिने छ। |

## १७. **रणनीति** कार्यान्वयनको व्यवस्था

वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्दा सामाजिक विकास शाखाको नेतृत्वमा अन्य शाखाहरुसँग समन्वय कायम गरी कार्यान्वयन गरिने छ। नियमित सेवा प्रवाहका लागि सामाजिक विकास शाखा अन्तर्गत वित्तीय साक्षरता सहजकर्ताको व्यवस्था गरिनेछ। कार्यक्रमको आयतन अनुसार आवश्यक जनशक्ति पूर्तिका लागि सहजकर्ता थप गर्ने वा स्रोत व्यक्ति तयार गरी कार्यक्रम कार्यान्वयन गरिने छ। लक्षित समूहहरुको स्तर र वित्तीय क्षमताको आधारमा तालिम सामग्रीहरु जस्तै सहभागी पुस्तिका, सहजकर्ताहरुको लागि तालिम निर्देशिका र अन्य सामग्रीहरुको आवश्यकता अनुसार विकास गरिने छ। थप क्षमता विकासका लागि गाउँपालिकाले आवश्यकता अनुसार सेवा प्रदायक संस्था (गैरसरकारी/निजी) तथा विज्ञहरुबाट सेवा लिन सक्ने छ।

## १८. स्रोत व्यवस्थापन

वित्तीय साक्षरता कार्यक्रम संचालन गर्न आवश्यक बजेट गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रममा समावेश गरिने छ। प्रदेश तथा संघीय सरकार मार्फत प्राप्त हुने स्रोत, बैङ्क तथा वित्तीय संस्था, सहकारी, गैह्रसरकारी संस्थाहरु, होटल/अन्य व्यवसाय, शिक्षण तथा स्वास्थ्य संस्थाका साथै निजी क्षेत्र समेतको समन्वयमा स्रोतको व्यवस्थापन गरिने छ।

## १९. अनुगमन तथा मूल्याङ्कन

सामाजिक विकास समितिको संयोजकत्व तथा आर्थिक विकास समिति समेतको सहभागितामा वित्तीय साक्षरता अनुगमन संयन्त्रको स्थापना गरी अनुगमन तथा मूल्याङ्कनको व्यवस्था मिलाइने

छ। रणनीतिमा उल्लेख गरिएका क्रियाकलापहरु गाउँपालिकाको वार्षिक कार्यक्रममा समावेश भए–नभएको यकिन गर्ने र सम्बन्धित पक्षलाई समावेश गर्न सुझाव प्रदान गर्ने, वार्षिक कार्यक्रममा समावेश भएका कृयाकलापहरु कार्यान्वयन कसरी भइरहेको छ भन्ने विषयमा समेत नियमित अनुगमन गरी नगर प्रमुखमार्फत् गाउँकार्यपालिकामा प्रतिबेदन पेश गर्ने व्यवस्था गरिने छ।

## २०. जोखिम

वित्तीय साक्षरता रणनीति कार्यान्वयनमा आन्तरिक र बाह्य पक्षहरुबाट जोखिम उत्पन्न हुने संभावना रहेको छ। जोखिमका घटनाले जोखिम घटनाको आवृत्तिलाई जनाउँछ जबकि जोखिम–प्रभावले जोखिम उपायको प्रभावको स्तरलाई जनाउँछ। वित्तिय साक्षरता रणनीति कार्यान्वयनमा रहेका जोखिम पक्षहरु देहाय बमोजिम रहेका छन्।

| संभावित जोखिमको प्रकार | जोखिमको प्रकृति | जोखिम न्यूनिकरणको उपाय | जोखिमको असर |
|---|---|---|---|
| उद्देश्यबाट बिचलन | वित्तीय साक्षरता कार्यक्रमलाई सम्बन्धित शाखाहरुले महत्वका साथ हेर्न सकिएन भने कार्यान्वयन पक्ष कमजोर हुन सक्ने। | सम्बन्धित शाखाहरुलाई सूचक सहित जिम्मेवारी तोक्ने। | उच्च |
| सहजकर्ताको तयारी | वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने सहजकर्ता / प्रशिक्षकलाई प्रभावकारी तालिम प्रदान गर्न नसकिएमा। | वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्नुभन्दा अगाडि प्रभावकारी रुपमा तालिम प्रदान गर्ने। | उच्च |
| लक्षित वर्गको छनौट | समुदाय वा स्थान अनुसार लक्षित वर्ग छनोटका मापदण्ड तोक्न नसक्दा। | लक्षित वर्ग छनोटका मापदण्डहरु तय गर्ने र सोही अनुसार छनोट गर्ने । | उच्च |
| विविध लक्षित वर्गहरु | यस रणनीतिले तय गरेका लक्षित वर्गहरुमा | लक्षित वर्ग अनुसारका पाठ्यक्रम र अन्य | उच्च |

| | | | |
|---|---|---|---|
| | विविधता भएकाले उनीहरुमा वित्तीय साक्षरता सम्बन्धी बुझाइको स्तर फरक हुने। उनीहरुको आवश्यकता र माग पनि फरक—फरक हुन सक्छ। वित्तीय साक्षरता कार्यान्वयनमा जटिलता आउन सक्ने। | सिकाइका सामग्रीहरुको निर्माण गर्ने। सरोकारवालाहरुसँग नियमित छलफल गर्ने र कार्य योजना निर्माण गर्ने। सहजकर्ताहरुलाई पनि लक्षित वर्ग अनुसारको प्रशिक्षण प्रदान गर्ने। | |
| वञ्चितीकरणमा परेका वर्गहरुको समावेशीता | दुर्गम समुदाय, न्यून आय भएका, बेरोजगार वा अर्धरोजगारीका कारणले वञ्चितमा परेका घरपरिवारको वित्तीय समावेशिता र वित्तीय साक्षरता कार्यक्रममा सहभागिता गराउन जटिलता। | वञ्चितमा परेका घरपरिवारको पहिचान गर्ने र उनीहरुको अवस्था हेरी कार्यक्रमप्रति आकर्षण गर्ने खालको कार्य योजना बनाई कार्यक्रम सञ्चालन गर्ने। | उच्च |
| सहभागिता | महिला, न्यून आय, बेरोजगार वा अर्धरोजगारी भएका घरपरिवारहरुको नियमित सहभागिता हुन नसक्ने संभावना। | महिला, न्यून आय, बेरोजगार वा अर्धरोजगारी भएका परिवारको आवश्यकता वा मागको पहिचान गर्ने र सोही अनुसार कार्यक्रम सञ्चालन गर्ने साथै नियमित अनुगमन गरी सहभागिताको लागि उत्प्रेरित गर्ने। | उच्च |
| समन्वय र सहकार्य | वित्तीय साक्षरता | वित्तीय साक्षरता | मध्यम |

| | | | |
|---|---|---|---|
| | कार्यक्रम बहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहकार्यमा समस्या आउन सक्ने। | कार्यक्रमका सरोकारवालाहरुसँग नियमित रुपमा सम्पर्क र समन्वयमा जोड दिने। | |
| सम्बन्धित विषयगत शाखा र सरोकारवालाहरुबीच समन्वय | विषयगत शाखा तथा अन्य सरोकारवालाहरु बीच रणनीति कार्यान्वयनमा अन्योल तथा दोहोरोपना हुन सक्ने। | जिम्मेवार विषयगत शाखाले सम्बन्धित सबै पक्षहरुसँग नियमित समन्वय गर्ने र सरोकारवालाहरु सहित कार्ययोजना निर्माण गरी अन्योलता र दोहोरपना हटाउने। | मध्यम |
| क्षमतायुक्त दक्ष जनशक्ति स्रोत साधनको सीमितता | वित्तीय साक्षरता रणनीति कार्यान्वयनमा क्षमतायुक्त, दक्ष जनशक्ति, स्रोत र साधनको सीमितता हुन सक्ने। | क्षमतायुक्त, दक्ष जनशक्ति निर्माण गर्न तालिम प्रदान गर्ने र स्रोत — साधनको समयमै व्यवस्था गर्ने। | मध्यम |

## २१. समीक्षा तथा संशोधनः

*यस रणनीतिलाई आवश्यकता अनुसार पुनरावलोकन गर्न सकिनेछ।*

## अनुसूची १ (बित्तीय साक्षारता रणनीति कार्यान्वयन सम्बन्धी ५ बर्षे कार्ययोजना)

| क्र.स. | कृयाकलाप | इकाई | परिमाण | पहिलो वर्ष | दोस्रो बर्ष | तेस्रो बर्ष | चौंथो बर्ष | पाँचौं बर्ष |
|---|---|---|---|---|---|---|---|---|
| रणनीति १ | शिक्षा शाखा र गाउँ शिक्षा समितिसँगको समन्वयमा स्थानीय पाठ्यक्रममा वित्तीय साक्षरता सम्बन्धी विषय समावेश गर्न आवश्यक परिमार्जन | पटक | १ | | | | | |
| | स्थानीय विषयको पाठ्यपुस्तक निर्माण गर्दा वित्तीय साक्षरता सम्बन्धी पाठ समावेश गर्ने | पटक | १ | | १ | | | |
| | स्थानीय विषयको शिक्षण निर्देशिका तर्जुमा | पटक | १ | | १ | | | |
| | स्थानीय विषय अध्यापन गर्ने शिक्षकहरुलाई सो सम्बन्धी तालिम प्रदान | जना | ४८ | | ४८ | | | |
| रणनीति २ | लक्षित वर्ग पहिचान | निरन्तर | निरन्तर | | | | | |
| | समुदाय स्तरको वित्तीय साक्षरता शिक्षाको लागि पाठ्यक्रम तर्जुमा। | पटक | १ | | | | | |
| | विभिन्न गैह्र सरकारी संघ संस्था र बैंक तथा वित्तीय संस्थाहरुसँगको साझेदारीमा वित्तीय साक्षरता कक्षा सञ्चालन।(१ वा २ दिने सचेतनामूलक कक्षा) | जना | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० |

शहिद लखन गाउँपालिका, गोरखा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विभिन्न गैह्र सरकारी संघ संस्था र बैंक तथा वित्तीय संस्थाहरुसँगको साझेदारीमा वित्तीय साक्षरता कक्षा सञ्चालन।(समुदायमा अधारित समूह तथा सहकारीका पदाधिकारी) | जना | २५० | ५० | ५० | ५० | ५० | ५० |
| | स्थानीय स्तरमा प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरी सहजकर्ता तयारी | जना | ५ | १ | १ | १ | १ | १ |
| | कृषि पशुपन्छी तथा अन्य व्यवसायिक समूहहरुलाई वित्तीय साक्षरता तालिम। | निरन्तर | निरन्तर | | | | | |
| **रणनीति ३** | एक घर एक बैंक खाता कार्यक्रम सञ्चालन। | निरन्तर | निरन्तर | | | | | |
| | गाउँपालिकाबाट हुने सबै प्रकारका भुक्तानी बैंक खाताबाट हुने व्यवस्था । | निरन्तरता दिने | निरन्तरता दिने | | | | | |
| | बैंक तथा वित्तीय संस्थाहरुको पहुँच नागरिकहरु सम्म विस्तारका लागि सम्बन्धित संस्थाहरुसँग समन्वय। | निरन्तर | निरन्तर | | | | | |
| | वित्तीय सेवा प्रदान गर्ने सहकारीहरुसँगको समन्वयमा वित्तीय साक्षरता कक्षा सञ्चालन गर्ने तथा अनौपचारिक रुप हुने कारोबारहरुलाई सहकारी तथा बैंक मार्फत गर्न प्रोत्साहन । | निरन्तर | निरन्तर | | | | | |
| | गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने वित्तीय | निरन्तर | निरन्तर | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | साक्षरता कक्षाहरुलाई एकद्वार प्रणालीबाट सञ्चालन । | | | | | | | |
| रणनीति ४ | सम्भावित स्थानहरु पहिचान | निरन्तर | निरन्तर | | | | | |
| | पाठ्यवस्तुहरु निर्धारण गर्ने, वित्तीय साक्षरता सम्बन्धी श्रव्य दृश्य सामग्री तथा विभिन्न पर्चा पम्प्लेटहरुको निर्माण तथा विकास । | पटक | ५ | | १ | १ | १ | १ |
| | विभिन्न माध्यमबाट वित्तीय साक्षरता सम्बन्धी सामग्रीहरुको प्रचार प्रसार । | निरन्तर | निरन्तर | | | | | |
| | समाजका प्रबुद्ध वर्ग (बैंक वित्तीय संस्थाको कर्मचारी सामाजिक व्यक्तित्वहरु, शिक्षकहरु) लाई प्रयोग । | निरन्तर | निरन्तर | | | | | |
| रणनीति ५ | बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय । | निरन्तर | निरन्तर | | | | | |
| | प्राथमिकताका अधारमा क्षेत्रगत रूपमा सेवा विस्तार । | पटक | १ | | १ | | | |
| | वित्तीय सेवाको पहुँच बाहिर रहेका समुदायका लागि विद्युतीय सेवाको पूर्वाधार तयार गरी वित्तीय विद्युतीय सेवालाई विस्तार । | पटक | १ | | १ | | | |
| | विद्युतीय कारोबारको जोखिमलाई न्यूनीकरण गर्न विद्युतीय कारोबार सम्बन्धी जनचेतनामूलक | निरन्तर | निरन्तर | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम सञ्चालन । | | | | | | | |
| | बैंक तथा बित्तीय संस्थाहरूसंगको समन्वयमा विद्युतीय कारोबार गर्दा हुने फाइदा सम्बन्धी प्रचार प्रसार । | निरन्तर | निरन्तर | | | | | |
| | विद्युतीय कारोबारलाई प्रोत्साहन गर्न निजी क्षेत्रहरुसँग समन्वय । | निरन्तर | निरन्तर | | | | | |
| | पालिकाबाट सञ्चालन हुने सीपमूलक तालिमहरुमा वित्तीय साक्षरता समावेश । | निरन्तर | निरन्तर | | | | | |
| **रणानीति ६** | विभिन्न शाखाहरुबाट हुने कार्यक्रममा वित्तीय साक्षरतालाई समावेश गर्नेः<br>**मेड्पाः**<br>सीप तालिम र वित्तीय साक्षरतालाई अनिवार्य गर्ने | निरन्तर | निरन्तर | | | | | |
| | **स्वास्थ्य शाखा**<br>क.सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकालाई वित्तीय साक्षरता तालिम | जना | ५४ | | २७ | २७ | | |
| | **ख.** सुत्केरी तथा गर्भवती महिला, कुपोषित बालबालिकाका अभिभावकहरुलाई वित्तीय साक्षरता तालिम सञ्चालन | निरन्तर | निरन्तर | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **शिक्षा शाखाः**<br>क.शिक्षकहरुलाई तालिम सञ्चालन | जना | ४८ | | ४८ | | | |
| | **ख.** युवा क्लबहरुलाई वित्तीय साक्षरता तालिम सञ्चालन | जना | १३५ | | | ४५ | ४५ | ४५ |
| | **कृषि विकास तथा पशु सेवा शाखाः**<br>कृषक समूह, फर्म सञ्चालकलाई वित्तीय साक्षरता तालिम सञ्चालन,<br>विभिन्न अनुदान दिनु भन्दा अगाडि वित्तीय साक्षरता तालिम सञ्चालन | निरन्तर | निरन्तर | | | | | |
| | **योजना तथा तथ्याङ्क शाखाः**<br>उपभोक्ता समितिहरुलाई वित्तीय साक्षरता सहितको अभिमुखीकरण तालिम सञ्चालन | निरन्तर | निरन्तर | | | | | |
| | **सामाजिक विकास शाखा**<br>महिला समूह, निगरानी समूह, टोल विकास संस्था, अपाङ्गता भएका व्यक्तिहरु, बाल क्लब, ना.स.के., मेलमिलापकर्ताहरुलाई वित्तीय साक्षरता सम्बन्धी तालिम सञ्चालन | निरन्तर | निरन्तर | | | | | |
| | **सहकारी तथा पर्यटन शाखाः**<br>सहकारीका सञ्चालक तथा सदस्यहरुलाई वित्तीय साक्षरता तालिम सञ्चालन | जना | १०५ | | | ३५ | ३५ | ३५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | होमस्टे सञ्चालकहरुलाई वित्तीय साक्षरता तालिम सञ्चालन | वटा | १ | १ | | | | |
| | पर्यटन व्यवसायीहरुलाई वित्तीय साक्षरता तथा विद्युतीय कारोबार सम्बन्धी तालिम सञ्चालन | वटा | २ | | | | १ | १ |
| | **श्रम तथा रोजगार शाखाः** श्रमिकलाई वित्तीय साक्षरता तालिम सञ्चालन | निरन्तर | निरन्तर | | | | | |
| | रोजगारदातालाई वित्तीय साक्षरता तालिम सञ्चालन | पटक | २ | | | १ | | १ |
| **रणनीति ७** | वित्तीय साक्षरता रणनीतिको समीक्षा | पटक | २ | | | १ | | १ |
| | बित्तीय साक्षरता कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन | निरन्तर | निरन्तर | | | | | |
| | कार्यक्रमको अनुगमन | निरन्तर | निरन्तर | | | | | |

अनुसूचि १ नमूना वित्तीय साक्षरता सम्बन्धी मोडयूलहरु (सामी कार्यक्रमले तयार गरेका विभिन्न मोडयूलहरु तथा नेपाल राष्ट्र बैंकको फ्रेमवर्कमा समावेश भएका विषय वस्तुहरुको आधारमा थप मोडयूल पनि बनाई प्रयोग गरिनेछ।